# थारु महिला जागरण केन्द्र

**भूमिका** :

नेपालको विभिन्न भू-भागमा बसोबास गर्ने आदिवासी जनजाति मध्ये थारु जाति एक हो । थारु जातिहरूको बसोबास नेपालको पूर्व मेचि देखि पश्चिम महाकालीसम्म तराईमा २५ जिल्लाहरूमा रहेको पाइन्छ । केन्द्रीय तथ्याङ्क विभाग अनुसार थारुहरूको जनसंख्या १६,२३,१०१ रहेको छ जसमा ७,८५,७२५ जना पुरुष र महिला ८,३७,३७६ जना महिलाहरूको जनसंख्या रहेका छ । तथ्याङ्कको आधारमा नेपालको क्षेत्री, बाहुन र मगर पछि थारुको जनसंख्या चौथो रहेको छ । थारु जातिको सबै भन्दा बढी जनसंख्या बर्दिया, कैलाली, नवलपरासी, कञ्चनपूर, बाँके, चितवन, रुपन्देही, सप्तरी, सुनसरी, मोरङ, बारा, पर्सा, सर्लाही, आदि जिल्लाहरूमा रहेको पाइन्छ । यस जातिको आफ्नै जातीय पहिचान (भाषा, धर्म, सँस्कृति, परम्परा, भेषभूषा) रहेको छ । जसको कारणले गर्दा अरु समूदाय भन्दा पृथक देखिन्छ । थारु महिलाहरूले आफ्नो जातीय पहिचानलाई संरक्षण गर्दै आइरहेको छ । थारुहरूको प्रमूख पेशा कृषि नै रहेको छ । कृषि पेशा भएकै कारणले उनीहरूको जीवन जमिन, जंगल, जल जस्ता प्राकृतिक स्रोतहरूसँग नैसर्गिक अधिकार सम्बन्ध गाँसिएको छ । कृषिलाई जीविकोपार्जनको रुपमा निरन्तरता दिनमा थारु महिलाहरूको मुख्य भूमिका रहेको पाइन्छ । अधिकांश थारु पुरुषहरू वैदेशिक रोजगारमा रहेको कारणले गर्दा महिलाहरूले नै परिवारको रेखदेख तथा घरको मुख्य जिम्मेवारी बहन गरेको पाइन्छ । यसको अतिरिक्त नेपालमा वेरोजगारीको कारणले उनीहरू कम ज्यालामा काममा वैदेशिक रोजगार गरिरहेका छन् । थारुहरू यता भने विभिन्न संघ संस्थाहरूमा र उद्योग व्यापारमहरूमा जागीर गरी रहेका छन् ।

थारु महिला जागरण केन्द्र थारु महिलाहरूको सामाजिक साँस्कुतिक, आर्थिक र राजनीतिक हक र अधिकारलाई सम्बर्द्धन र प्रवर्धन गर्ने प्रतिवद्धताका साथ स्थापना भएको एक मुनाफा रहित, स्वतन्त्र, गैर राजनीतिक संस्था हो । यो संस्था २०५६मा स्थापना भई काठमाण्डौ जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको छ । समाज कल्याण परिषद्मा पनि आवद्ध भई सकेको छ । राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको संस्थापक सदस्यको रुपमा आवद्ध भई संघीय सदस्यको रुपमा रहेको छ ।

**संघको संरचना** :

थारु महिला संघको केन्द्रीय समितिको विधान अनुसार ३/३ वर्षमा एक पटक केन्द्रीय महाधिवेशन गरिन्छ भने ३ वर्षमा एक पटक साधारण सभा गरिन्छ । संस्थाको महाधिवेशन लोकतान्त्रिक निर्वाचन प्रकृयाबाट केन्द्रीय समितिको चयन गरिन्छ । संस्थाको विधान अनुसार अध्यक्ष १ जना, उपाध्यक्ष २ जना, कोषाध्यक्ष १ जना, सचिव १ जना, सहसचिव १ जना महिला सदस्य गरी जम्मा १५ जना सदस्यहरू रहने व्यवस्था छ । महाधिवेशनले पारित गरेको नीतिनियम र मार्ग निर्देशन अनुसार संस्थाको कार्यक्रमहरूको निरिक्षण र नियन्त्रण गर्ने जिम्मा पनि उक्त केन्द्रीय थारु महिला जागरणको संरचना समितिमा नै रहने छ ।




**लक्ष्य** :

थारु महिलाहरूलाई जातीय पहिचान सहित राज्यको मूलधारमा स्थापित गराउने ।

**उद्देश्यहरू :**

१. थारु महिलाहरूलाई सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक, भाषिक तथा जातिय पहिचानको स्थापित हुनेछ ।

२. थारु महिलाहरूलाई राज्य संयन्त्रको मूलप्रवाहमा समावेश गराउनका साथै अधिकारको बारेमा सचेत र सुनिश्चित हुनेछन् ।

३. संगठनको बिस्तार र बिकासका लागि विभिन्न जिल्लाहरूमा गठन भएका जिल्ला समितिहरूको संस्थागत बिकास गर्ने र बाँकी रहेका जिल्लाहरूमा समिति, नगर बिकास समिति र गाँउ बिकास इकाई समितिहरू गठन र बिस्तार गर्ने ।

४. थारु महिलाहरूलाई दिगो जीविकोपार्जनका परम्परागत ज्ञान र सीपको बिकासका साथै कार्यक्रहरू संचालन गर्ने ।

५. थारु महिलाहरूको हक र अधिकार स्थापित हुनेछन् ।

६. थारु महिलाहरूको जातिय पहिचानलाई दस्तावेजिकरण हुनेछ ।

**कार्यक्रमको मुख्य उपलब्धिहरू** :

१. थारु महिलाहरू आर्थिक, सामाजिक, राजनैतिक, ज्ञान र सीप रुपमा सशक्तीशरण भएका हुनेछन् ।

२. थारु महिलाहरू संघिय लोकतान्त्रीक गणतन्त्रको राज्यको संरचनामा स्थापित हुनेछन् ।

३. संगठनको बिकास र बिस्तार हुनेछ ।

४. थारु महिलाहरूको भाषा तथा संस्कृति जगेर्ना हुनेछ ।

५. थारु महिलाको हकहित र अधिकार स्थापित हुनेछ ।

६. थारु महिलाहरूको जातीय पहिचानलाई दस्तावेजिकरण हुनेछ ।

**ठेगाना :**

थारु महिला जागरण केन्द्र
केन्द्रीय कार्य समिति
सामाखुशी, काठमाण्डौ
फोन : ०१-४३८४८६४
९८४१३४५२३९
ई-मेल : phulmati45@yahoo.com